# बान्नीगढी जयगढ गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## जयगढ, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

**पत्र संख्या: २०८०/०८१** **मिति:२०८०/०४/१९**

**चलानी न.**

**मर्मत सम्भार कर्मचारी र एम्बुलेन्स चालक पदको उमेरहद तथा दरखास्तको म्याद थप गरिएको सम्बन्धी सूचना।**

यस बान्नीगढी जयगढ गाउँपालिकाको **मिति २०८०/०४/१५ गतेको प्रथम पटक प्रकाशित विज्ञापन नं. २०८०/०८१/०१ को मर्मत सम्भार कर्मचारी र विज्ञापन नं. २०८०/०८१/०२ को एम्बुलेन्स चालक पदमा श्रेणी विहिन तहको** प्रकाशित सूचनाको बुदाँ नं ३ मा उल्लेखित उमेरहद *पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने* भनिएकोमा यस गाउँपालिकाको **"करारमा कर्मचारी (श्रेणीविहिन कर्मचारी तथा प्राविधिक कर्मचारी) व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९" को दफा ४ को उपदफा (अ) को (ख) बमोजिम दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्ने भन्ने व्यवस्था** रहेको हुदाँ सो कार्यविधि बमोजिम उमेरहद भित्रका योग्य उम्मेदवारहरूले दरखास्त पेश गर्नुहुन जानकारी गरिन्छ। साथै **मिति २०८०/०४/१९ गतेदेखि मिति २०८०/०४/२५ गतेसम्म ७ (सात) दिनको म्याद थप गरी कार्यालय समयभित्र** दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गरिन्छ।

**बसन्त बहादुर रावल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**Email: info@bannigadhijaygadhmun.gov.np Website: www.bannigadhijaygadhmun.gov.np**
**Mobile App: Bannigadhijaygadh**
**समृद्धीको आधार : बान्नीगढी सरकार**